सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

वर्ष: २ | अंक : १२३ | वि.सं. २०७९ मंसिर १७ गते शनिबार | 03, 2022 Saturday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## महानगरपालिकामा अभिभावकलाई सुरक्षाकर्मीले छिर्न नदिदा केहि बेर तनाव

**वीरगन्ज,१६ मंसिर ।** नीजि विधालयमा अध्ययनरत विधार्थीका अभिभावकहरु शुक्रबार आफनो समस्या लिएर वीरगन्ज महानगरपालिकाको कार्यालयमा जादा सुरक्षाकर्मीले अवरोध गरेपछि केहि बेर सामान्य तनाव भएको छ ।

नीजी विधालयको मनोमानी विरुद्ध तीन महिना देखि संघर्षरत अभिभावक संघर्ष समितिको नेतृत्वमा गएका अभिभावकहरुलाई महानगरपालिका कार्यालयकै मूल प्रवेशद्वारमा नेपाल प्रहरी र सुरक्षाकर्मीले रोकेर छिर्न नदिएपछि सामान्य तनाव भएको हो ।



अभिभावक र सुरक्षाकर्मीहरु धकेलाधकेल हुदा महानगरपालिको मुख्य प्रवेशद्वार(गेट) मा क्षति समेत पुगेको छ ।

सुरक्षाकर्मीले भित्र छिर्न नदिएपछि अभिभावक संघर्ष समितिका अध्यक्ष सन्दिप साहको नेतृत्वमा रहेका अभिभावकहरुले नाराबाजी पनि गरेका थिए ।

नीजी विधालयको शुल्कको हकमा महानगरपालिकाले गत असोज २५ गते तत्कालका लागि गरेको निर्णय नीजी विधालयले लागु नगरेपछि त्यस बारे ध्यानाकर्षण गराउन शुक्रबार जादाँ गेटमै नगरप्रहरी र नेपाल प्रहरीले छिर्न नदिएपछि तनाव भएको समितिका अध्यक्ष साहले बताए ।

उनका अनुसार असोज २५ गतेको निर्णयमा नीजी विधालयको बर्गिकरण गरि शुल्क निर्धारण नभए सम्म तत्कालका लागि अभिभावकले गत शैक्षिक सत्रमा तोकिएको शुल्क अनुसार नै शुल्क बुझाउने उल्लेख थियो

***बाँकी तेश्रो पृष्ठमा***

## ठोरीको विजयबस्तीमा डिआईजी ठाडामगर द्वारा नयाँ बिओपी भवन उद्घाटन



**वीरगञ्ज, १६ मंसिर ।** पर्साको ठोरी गाउँपालिका वडा नम्बर ४ विजयबस्तीमा नवनिर्मित सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट (बिओपी ) भवनको शुक्रबार उद्घाटन गरिएको छ ।

सशस्त्र प्रहरी नायब महानिरीक्षक( डिआइजी) गणेश ठाडा मगरले नवनिर्मित भवनको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा बिओपी भवन निर्माणका लागि ५ कट्ठा जग्गा दान गरेका जग्गादाता एवं रेडियो बिजयबस्तीका अध्यक्ष सन्तोष श्रेष्ठलाई डिआइजी मगरले दोसल्ला ओढाएर सम्मान गरे ।

कार्यक्रममा ठोरी गाउँपलिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठ, ठोरी ४ का वडाध्यक्ष मान बहादुर थिङ, पर्साका सशस्त्र प्रहरी उपरिक्षक तेज प्रसाद पोखरेल लगायतको सहभागीता रहेको थियो ।

## वीरगन्ज महानगरभित्रका अन्यवस्थित तारहरू ७ दिनभित्र व्यवस्थापन गर्न निर्देशन




वीरगन्ज।वीरगन्ज महानगरपालिकाले नगरभित्र रहेको अव्यवस्थित तारहरु व्यवस्थापन गर्न सुचना जारी गरेको छ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत अरबिन्द लाल कर्णद्वारा हस्ताक्षरित सुचनामा नगर क्षेत्रभित्र मुख्य सडक तथा शाखा सडकहरुमा विभिन्न स्थानहरूमा रहेको विधुतीय पोलहरुमाथि विभिन्न कम्पनीका नेट सेवा प्रदायकहरुले तथा अन्य संस्थाहरुले समेत

***बाँकी तेश्रो पृष्ठमा***

## गठबन्धनको रणनीति कुर्दै एमाले

गंगा बीसी,काठमाडौं – प्रतिनिधिसभामा प्रत्यक्षतर्फ दोस्रो र समानुपातिक मतमा पहिलो दल बनेको एमालेले सरकार निर्माणमा सत्ता गठबन्धनको रणनीति कुर्ने भएको छ । निर्वाचनको हालसम्मको परिणाममा सत्ता गठबन्धन बहुमतनजिक रहेकाले एमाले अन्तिम नतिजा आइसकेपछि मात्रै निर्णय गर्ने तयारीमा छ ।

'हामी निर्वाचनको अन्तिम नतिजाको पर्खाइमा छौं,' एमाले उपाध्यक्ष विष्णु पौडेलले भने, 'सबै नतिजा आइसकेपछि मात्र औपचारिक निर्णय गर्नेछौं ।'

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच प्रधानमन्त्रीका विषयमा सहमति हुन

***बाँकी तेश्रो पृष्ठमा***

## काम नै नभएको योजनाको ३८ लाख रकम भुक्तानी , कागजपत्र नियंत्रणमा

रौतहट जिल्लाको गरुडा नगरपालिकाका निमित प्रमुख प्रसाशकीय अधिकृत , लेखपाल , इंजिनियर र उपभोक्ता समितिका अध्यक्षले मिलोमतो गरी काम नै नभएको योजनाको भुक्तानी गरेको रहस्य खुलेको छ ।

स्थानीय वड़ा नम्बर ६ पोथियाहीमा १५ सय मीटर ग्रेभल गर्ने योजनाको रकम निमित प्रमुख प्रसाशकीय अधिकृत राम बाबू यादव , इंजिनियर संजय यादव , लेखपाल कुमार ठाकुर र उपभोक्ता समितिका अध्यक्षले ३८ लाख रुपैया विना कार्य संपन्न भएको अवस्थामा निकासा गरी अनियमितता गरेको भनी परेको उजुरीको आधारमा जिल्ला प्रशासन कार्यालय रौतहटबाट प्रशासकीय अधिकृत मनीष झाको नेतृत्वमा गएको अनुगमन टोलीले योजनाको फाईल नियंत्रणमा लिए पछि सो रहस्य बहिरिएको हो ।



विना कमिशनको भुक्तानी नगर्ने निमित प्रमुख प्रसाशकीय अधिकृत यादवको कारण नगरपालिकामा भ्रस्टाचार उच्च स्थानमा पुगेको छ ।

दरोगा रायको घर देखि राम प्रवेश साह को घर सम्म , राम प्रबेश साहको घर देखि ललित साह को खेत सम्म , ललित साह को घर देखि चलित्तर साह को घर सम्म , हरिन्द्र चौधरीको घर देखि राम जानकी मठ सम्म र रामजानकी मठ देखि पानी टंकी सम्मको !%o;8क ग्रेभल गर्ने योजना स्वीकृत भएकोमा सो टुक्रे योजनामा लगत स्टीमेट अनुसार काम नभएको पाइएको प्रसाशकीय अधिकृत झा ले बताएका छन ।

स्टीमेट अर्को र काम फरक देखिएको , करीव १२ सय मिटरमा काम नै नभएको अवस्थामा देखिएको झा ले बताए । कानून विपरीत काम नभएको योजनाको एक मुस्ठ ३८ लाख कार्य सम्पन्न प्रतिबेदन त्यार पारी भुक्तानी दिइएको उहाले बताए ।

प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीको आदेशमा गएको प्राविधिक सहितको अनुगमन टोलीले योजनाको महत्वपूर्ण कागजात नियंत्रण लिएको जिल्ला प्रसाशन कार्यालय रौतहटले जनाएको छ ।

स्वास्थ्य सेवा बाट राजनितिक शक्तिको आड़मा प्रमुख प्रसाशकीय अधिकृतको जिम्मेवारी पाएका यादवले खुलेयाम नगरपालिकामा लूट मचाएको गुनासो स्थानीयहरुको रहेको छ ।करार सेवामा रहेका इंजीनियर संजय यादवले प्रतिबेदन त्यार गरे पछि सो योजनाको रकम भुक्तानी भएको छ। लेखा अधिकृत ठाकुर र सहायक लेखपाल राम विनोद साह सेवाग्राही हरु सित ४० प्रतिशत सम्म कमीशन मांगने गरेको बुझिएको छ । कमीशन दिएपछि नभएको कामको पनि भुक्तानी गर्ने निमित प्रमुख प्रसाशकीय अधिकृत यादव कमीशन नदीए भएको कामको पनि भुक्तानी नगर्ने गरेको स्थानियहरुको आरोप रहेको छ ।



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# सुकुम्बासी समस्या होइनन्

**विश्वास नेपाली, कल्पना कार्की**

थापाथलीको सुकुम्बासी बस्ती हटाउन मंसिर १२ मा काठमाडौं महानगरको डोजर पुगेपछि भिडन्तको स्थिति सृजना भयो । सुकुम्बासीहरू प्रतिकारमा उत्रिए, नगर प्रहरी लगायत धेरै घाइते भए ।

यस घटनापछि देशैभरिका भूमिहीन सुकुम्बासीहरू आन्दोलित भएका छन् । काठमाडौं महानगर, वाग्मती सभ्यता एकीकृत विकास समिति तथा सुकुम्बासीहरूको पक्ष-विपक्षमा अनेक टीकाटिप्पणी भइरहेका छन् । सुकुम्बासीप्रतिको राज्यको नीति, तिनलाई यसरी लखेट्न हुने वा नहुने भन्ने बहस पुनः सुरु भएको छ ।

बिनायोजना बस्तीमा डोजर लगेर बालक, वृद्ध, अशक्त र महिलाहरूलाई आतंकित गरिएको छ । यसले नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकमाथि नै प्रश्न खडा गरेको छ । अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले गत कात्तिकमा सूचना जारी गर्दै, नदी किनाराका घरटहरा हटाउन १० दिने 'अल्टिमेटम' दिएको थियो । सो अवधि सकिएपछि उसले काठमाडौं महानगरलाई यो सम्बन्धमा अवगत गराएको थियो । त्यसपछि टहरा हटाउन महानगरको डोजर बस्तीमा पुग्यो ।

सुकुम्बासीहरू आन्दोलित भए । लगत्तै काठमाडौं उपत्यका विकास प्राधिकरणले पनि ३५ दिने सूचना जारी गर्दै भनेको छ, 'काठमाडौं उपत्यकाभित्रका सरकारी, पर्ती, ऐलानी तथा खोलाको मापदण्ड बमोजिमका जग्गालाई अतिक्रमण गरी निर्माण गरिएका अनधिकृत संरचना हटाउनू ।' यसले के देखिन्छ भने, निकट भविष्यमा भूमिहीन सुकुम्बासीलाई हटाउन बल प्रयोग हुनेछ ।

मंसिरको चिसो, त्यसमाथि टहराको बास । दिनभरिको मजदुरी । मजदुरी गर्न नपाएको रात भोकै । यस्तै नियति छ सुकुम्बासीहरूको । बस्तीमा डोजर पसेपछि भूमिहीनको जीवन कस्तो हुन्छ र तिनलाई कस्तो असर गर्छ भन्नेबारे न मेयर बालेन शाहले सोचे न त भूमिहीनलाई 'फोहोरको डुङ्गुर हुन्, सफा गर्नुपर्छ' भन्ने तमाम सफा मन भएकाहरूले नै । 'यी फोहोरीहरूलाई हटाइहालौं' भनेको मात्र सुनियो ।

भर्खरै सम्पन्न निर्वाचनमा, त्यसै क्षेत्रका उम्मेदवार नेपाली कांग्रेसका प्रभावशाली नेता प्रकाशमान सिंहले आफूलाई भोट दिए भूमिहीनको बस्ती व्यवस्थापन गरिदिने वाचा गरेका भिडियोहरू सार्वजनिक भएका थिए । उनले निर्वाचन जिते पनि ।

यही विषयमा एमाले अध्यक्ष केपी ओलीले भनेका छन्, 'विकल्प नदिई उठीबास गराइनु हुन्न ।' यसको प्रतिक्रियास्वरूप मेयर बालेन सामाजिक सञ्जालमा लेखेका छन्, 'तपाईंहरूले व्यवस्थापन गर्न सक्नुभएन, हामीले गर्न खोज्दा किन विरोध ?' अरू नेताहरूको, विशेष गरी सोही क्षेत्रबाट चुनाव जितेका उम्मेदवारको यस विषयमा धारणा आएको छैन ।

सञ्चारमाध्यमहरूले सुकुम्बासीहरूलाई विकल्प दिएर मात्र हटाउनुपर्छ भनिरहेका छन् । यसै सन्दर्भमा राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्काले भनेका छन्, 'भूमिहीन सुकुम्बासीको व्यवस्थापन गर्ने जिम्मेवारी कानुनले आयोगलाई दिएको छ, यस विषयमा महानगर अघि नबढेकै राम्रो ।' राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले पनि 'भूमिहीनलाई जबरजस्ती उठीबास गराइनु हुन्न' भनेर विज्ञप्ति जारी गरेको छ ।

भूमिहीन सुकुम्बासी पनि यही राज्यका नागरिक हुन् । उनीहरूले अरू नागरिकसरह हक-अधिकारको उपभोग गर्न पाउनुपर्छ । यसलाई कानुनले नै सुनिश्चित गरिदिएको छ । तर, वर्षौंदेखि बसोबास गर्दै आएका नागरिकहरूका टहरामा बिनाकुनै योजना डोजर चलाइनु कतिसम्मको न्याय हो ? उनीहरूलाई विकल्प खोइ ? उनीहरूको तथ्याङ्क खोइ ? अनि यस्तो घटनालाई समर्थन गर्ने र अझ बढी उक्साउने नेपाली कस्ता हुन् ? एउटा नेपालीलाई दुःख पर्दा ती कसरी खुसी हुन सकेका ? अर्काको घरबास उठीबास लाग्दा हाँस्ने र रमाउने कस्तो संस्कार ? यस विषयमा खबरदारी गर्नुको साटो 'डोजर चलाइदेऊ' भन्ने युवा जमातबाट भोलिका दिनमा के आस गर्ने ?

सुरक्षित आवास हरेक नागरिकको आधारभूत आवश्यकता र मानव अधिकार हो । नेपालको संविधानको मौलिक हक १६(१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनिएको छ । त्यसरी नै धारा १८(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिनेछैन भन्ने उल्लेख छ । धारा ३७ (१) र (२) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने र कानुन बमोजिमबाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिनेछैन भनिएको छ । आवासको अधिकार सम्बन्धी ऐन-२०७५ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार र त्यस्तो अधिकारको सम्मान र परिपूर्ति हुनेछ भनिएको छ ।

संविधानको मौलिक हक अन्तर्गतको धारा ४० मा राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउने र आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने भनेको छ । धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीति किटिएको छ । संविधान, भूमि सम्बन्धी ऐन, आवास ऐन आदिले भूमिहीन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने स्पष्ट व्यवस्था गरेका छन् ।

आठौं संशोधनपछिको भूमि सम्बन्धी ऐन-२०२१ को दफा ५२ 'ख' र 'ग' मा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने उल्लेख छ । त्यसमा सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए पनि कम्तीमा १० वर्षदेखि घरटहरा बनाई बसोबास गरेका व्यक्तिलाई व्यवस्थापन गर्ने उल्लेख छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान राज्यको अनिवार्य दायित्व हो । संविधान र ऐन-कानुनले स्पष्ट व्यवस्था गरे पनि यसको समयमै कार्यान्वयन नहुँदा समस्या भएको हो । कसैलाई पनि खोला किनारमा छाप्रो हालेर बस्ने रहर हुँदैन । उनीहरूको बाध्यता हो यो । संविधान र कानुनमा व्यवस्था भए अनुरूप नागरिकको आवासको अधिकार सुनिश्चित गर्नुपर्नेमा उल्टै उठीबास लगाउनु दुःखदायी मात्र होइन, निन्दनीय पनि छ ।

यति बेला देशभरिका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन र जग्गा दिने जिम्मेवारीसहित राष्ट्रिय भूमि आयोगले काम गरिरहेको छ । राष्ट्रिय भूमि आयोग र काठमाडौं महानगरबीच भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत सङ्कलन, प्रमाणीकरण र जग्गा व्यवस्थापन गर्नका लागि सम्झौता भई काम अघि बढिरहेको छ । एकातिर भूमि आयोगले काम गरिरहेको छ, अर्कोतर्फ महानगरले सुकुम्बासी बस्तीमाथि डोजर गुडाउन खोज्दै छ । यसले राज्यका निकायहरूबीच नै समन्वय नभएको प्रस्ट देखिन्छ । यस्तो विषयमा ध्यान नदिई, गृहकार्य नगरी डोजर लिएर बस्ती उठाउन जानु कतिसम्म न्याय हो ? के सुकुम्बासीलाई उठीबास नलगाई वाग्मती सभ्यता जोगिँदैन ?

***बाँकी तेश्रो पृष्ठमा***

# हामीजस्ता मान्छेहरुको उमंग !

**सीके लाल**

खस-आर्य समुदायका नृजातीय सर्वेसर्वा खड्गप्रसाद शर्मा ओली अक्सर हल्का, कहिलेकाहीँ अपकारक एवं अनवरत रूपमा तिक्त सुनिने घोचपेचका लागि कुख्यात छन् । प्रधानमन्त्री भएकै बेला उनले 'राइनो' र 'माउन्ट एभरेस्ट' जस्ता स्थापित शब्दावलीको साटो अंग्रेजीमा समेत गैंडा र सगरमाथा भनिनुपर्ने अमिल्दो उर्दी जारी गरेका थिए । सुन्नेहरूले हाँसोमा उडाइदिए ।

कोभिड-१९ महाव्याधिको प्रकोप उत्कर्षमा हुँदा सरकारप्रमुखको हैसियतमा उनले ठाडो ठट्टा गरे, 'कोरोनाभाइरस भनेको एउटा रुघाखोकीजस्तो हो । लागिहाल्यो भने हाच्छ्युँ साच्छ्युँ गर्नुपर्छ, तातो पानी खानुपर्छ, उडाइदिनुपर्छ ।'

उनले भ्रान्ति फैलाउँदै अझ कतिसम्म भन्न भ्याएका थिए भने, 'अलि तातोतातो पानी लिँदै नस लिँदै नाक स्याँकस्याँक गरेर सफा गरिदिऔं, पहिले गएर नाकमा बस्ने हो कोरोना त्यहीँबाट फालिदिएपछि चैट,' अनि त्यसपछि, 'नुन, पानीले गार्गल गरिदियो, सकिन्छ भने अम्बाका दुईवटा पात उमालिदिऊँ, बेसरी गार्गल गरिदिऊँ घाँटीमा बसेको चट, स्टिम लिइदिऊँ फोक्सोबाट चट, त्यत्ति गर्दाखेरि धेरै सुरक्षित भइन्छ । अब हन्ड्रेड पर्सेन्ट सुरक्षित त भ्याक्सिनले पनि गर्दैन ।'

आलो घाउमा नुनचुक दलेको जस्तो उनको अम्लीय उक्ति सुन्नेहरूले सहजै बिर्सन सक्नेछैनन् । नेपालको सबभन्दा संगठित दलको सर्वोच्च नेता रहिरहनुमा सर्वेसर्वा शर्मा ओलीको नृजातीय ऐक्यबद्धता, जातीय सामाजिकता एवं राजनीतिक असहिष्णुताको ठूलो भूमिका रहने गरेको छ । विडम्बना के हो भने उनी जति ओछो कुरा गर्छन्, उनका राजनीतिक अनुचर त्यति नै धेरै जोडले ताली बजाउँछन् । पत्रकारहरूले मसला भेट्टाउँछन् ।

मधेशीहरूलाई होच्याउन सर्वेसर्वा शर्मा ओलीले सन् २०१५ तिर 'मानव साङ्लो' प्रदर्शनलाई 'माखे साङ्लो' भनेका थिए । उनका नृजातीय महिमामण्डकहरू भाषाको व्याख्यासहित प्रतिरक्षामा उत्रिए । जनजातिलाई चिढाउन उनले 'माकाः फुई' उखान प्रयोग गरे । खस-आर्य एवं केही नेवाः समुदायका तागधारी एवं 'जनैजाति राष्ट्रवादीहरू' दुई बित्ता उफ्रेर थपडी बजाए । आफ्ना प्रतिस्पर्धी एवं सहयात्री पार्टीलाई पनि उनी बाँकी राख्दैनन् ।

नेपाली कांग्रेसका अध्यक्ष एवं प्रधानमन्त्री शेरबहादुर देउवा सर्वेसर्वा शर्मा ओलीका सबभन्दा प्रभावशाली हितचिन्तकहरूमध्ये पर्दछन् । डेक्चीले कित्लीलाई 'तँ कति कालो' भने जस्तै नेकालाई उनको पार्टीले 'सत्तास्वार्थ, भ्रष्टता र राष्ट्रियताका प्रश्नमा अविश्वसनीय शक्ति' भनेर परिभाषित गरेको छ । पूर्वपञ्चहरूको मञ्च राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रतिगामी धारका नेता लोकेन्द्रबहादुर चन्दलाई काँधमा बोक्ने देखि लिएर हिन्दुत्ववादी नेता कमल थापा एवं राजावादी राजनीतिकर्मी राजेन्द्र लिङ्देनसँग कुम जोड्नसम्म नहच्किने एमालेको नजरमा 'राजनीतिक अवसरवादी' भने माओवादीहरू हुन् । खस-आर्य अग्राधिकारको नृजातीय एवं संकीर्ण राष्ट्रवाद एमालेले उचाल्छ, 'बाह्य शक्तिको आडभरोसामा जातीय-क्षेत्रीय अतिवादी नारा तथा सामाजिक विद्वेष र घृणामाथि आधारित' राजनीति गरेको दोष भने मधेश-आश्रित दलहरूलाई लगाउँछ । यस पटकको आम निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले हासिल गरेको मतभारले भने सर्वेसर्वा शर्मा ओलीलाई समेत विचलित तुल्याएको जस्तो छ ।

निर्वाचन परिणाम घोषित भइनसक्दै उनले रवि लामिछानेले राजनीतिक मोर्चामा गरेको भड्किलो प्रवेशलाई 'मामुली कुरा' भन्दै खारेज गर्ने प्रयत्न गरेका छन् । झापामा पत्रकारहरूलाई उनले भनेका रहेछन्, 'उदय भनेर जे प्रचार, जे प्रोपोगान्डा गरियो, त्यो वास्तवमा तपाईंहरू (सञ्चारमाध्यम) को कृपा हो' र थपे, 'देशलाई गलत बाटोतर्फ लान खोज्दै हुनुहुन्छ नेपालको बौद्धिक जगत्ले ।

'के गन्तव्य हो, के कार्यक्रम हो, के नीति हो केही छैन, हाहाहुहुमा देश त चल्दैन ।' उनको अभिव्यक्तिमा डरसँगसँगै अनुनयभाव पनि प्रस्ट पढ्न सकिन्छ । रवि लामिछानेको चुनावी मचानले राजनीतिक दलको स्वरूप ग्रहण गरिनसकेको कुरा यथार्थ हो । राष्ट्रिय दलको मान्यता पाउनु प्राविधिक उपलब्धि हो, जुनकुरा कानुनले तोकिदिएको सीमाबद्धता नाघेपछि स्वतः प्राप्त हुन्छ ।

तर स्पष्ट विचारधारा, निर्दिष्ट गन्तव्य, निर्देशक नीति, ठोस कार्यक्रम, नियमित संगठन, उत्प्रेरित कार्यकर्ता एवं समर्पित नेतृत्वबेगरको दल जति नै ठूलो भए पनि अधिनायकवाद, प्रियतावाद वा वैदेशिक हस्तक्षेपजस्ता अनपेक्षित संकटहरूको प्रहार खेप्नुको साटो तिनको औजार बन्न बेर लाग्दैन । त्यस अर्थमा सर्वेसर्वा ओलीको आकलन सर्वथा सही हो ।

उनको डर भने वक्तव्यको दोस्रो भागमा झल्किन्छ । 'हाहाहुहुमा देश' चल्नुपर्छ भन्ने मान्यतालाई मलजल गर्ने देशको सहरिया 'सेतो कमिज' जमातमाथि बडो ठूलो मिहिनेत गरेर सर्वेसर्वा शर्मा ओलीले एमालेको एकाधिकार कायम गरेका थिए । यस निर्वाचनमा लामिछानेको

***बाँकी तेश्रो पृष्ठमा***

# खुसी कसरी ?

**यमुना पराजुली अधिकारी**

ईर्ष्याले जन्माउँछ असन्तुष्टि अनि खोस्न पुग्छ खुसीलाई। अनि आफैंले हराएको खुसीलाई कहिलै भेट्न सक्तैनौं, जबसम्म ईर्ष्या र असन्तुष्टि त्याग्न सक्तैनौं।

भनिन्छ, खुसीको साँचो आफैंसँग हुन्छ। चाबी खोलेर खुसीभित्र प्रवेश गर्न सक्छौं। कति मात्राले खुसी हुन सक्छौं ? खुसीलाई केले नाप्न सकिन्छ ? केके कुराहरू पूरा भए पूर्णरूपमा खुसी भइन्छ ? खुसी भएर रहन सक्ने अन्तिम बिन्दु कुन होला ?

सानैमा बुझेको कुरा के भने जब हामी हरकुरामा असन्तुष्ट हुन्छौं तब कहिल्यै खुसी हुन सक्तैनौं। हजुरबुवाले सानामा यस्तै असन्तुष्ट व्यक्तिहरूका कथा सुनाउनु हुन्थ्यो।

बडो लयात्मक तरिकाबाट सुनाइएका ती कथा हँसाउने र अन्त्यमा चसक्क बिझाउने पनि हुन्थे। बाटोघाटो हिँड्दा होस् या कतै अलपत्र परेका बेलाका कतिपय त ती सत्यकथा नै पनि हुन्थे।

हजुरबुवाको भनाइअनुसार जो ससानो कुरामा सन्तुष्ट हुन्थ्छ, ऊ सधैं हँसिलो, खुसिलो र उज्यालो रहन्छ। उसका कुरा गराई पनि ओजिलो र अर्थपूर्ण हुन्छ। जो जे कुरामा पनि असन्तुष्टि दर्शाउँछ र विवादमा उत्रन्छ, उसको अनुहार जहिले कालो बादल मडारिएको आाकाशजस्तो हुन्छ। न ऊ कहिल्यै खुसी भएर बाँच्न सक्छ, न त खुलेर बोल्न। यसैकारण ऊ सबैबाट पछि पर्दै जान्छ र अन्त्यमा एक्लो बन्छ। पछि पर्दै जाने र अन्त्यमा एक्लो हुने कुराले मेरो मनलाई भित्रैदेखि चिसो बनाउँथ्यो। ऊ बेला सुनाउने यस्ता कथाबाट प्रेरणा मिलेको रहेछ। त्यसैले सायद आफन्तले भन्छन्, यो त हजरबुवा जस्तै छे।

हुन पनि मेरो हजुरबुवा यति सकारात्मक हुनुहुन्थ्यो कि उहाँको मुहार अँध्यारो भएको कहिले देखिनँ। उहाँ गाउँकै मान्यगन्यमा पर्नुहुन्थ्यो। मान्यगन्य यसकारणले होइन कि उहाँसँग घेरै सम्पत्ति थियो, असाध्यै सकारात्मक भएर हो। हर दुःखको मलम उहाँसँग थियो। उहाँको बोली नै सबैका लागि मलम हुन्थ्यो। गाउँका अधिकांश मानिस हजुरबुवाकोमा अनेक समस्या लिएर आउँथे। रुँदै आएकाहरू प्रायः हाँस्दै जान्थे। उहाँको बोली त्यति नै अर्थपूर्ण हुन्थ्यो, जति उहाँको अनुहारमा चमक हुन्थ्यो। सम्झन्छु, के मेरो हजुरबुवालाई तनाव हुँदैनथ्यो ?

पक्कै हुन्थ्यो।

तर कति सहजै व्यवस्थापन गर्नु हुँदोरहेछ ! समस्या त राजादेखि रैतीसम्मलाई आइपर्ने कुराहरू हुन्। 'कुरा खेलाएर तनावमा बस्यो भने त खुसीले जीवनमा प्रवेश गर्नै पाउँदैन।' गौतम बुद्धले भन्नुभएको थियो। सबैकुरा समयसँगै ठिक हुन्छ भने तनाव किन लिनु ?

अनि कहिल्यै ठिक हुँदैन भने तनाव किन लिनू ? अहिले हो भने हजुरबुबालाई मोटिभेसनल स्पिकर भन्थे सायद मानिसले।

साथीले फोनमा भनी, 'दाजुकी सात वर्षकी छोरीले अचम्ममा पारी।' 'किन के भयो र ?' उसले भनी, 'उसलाई लिएर किनमेलमा गएँ। के किन्दिउँ ? भनें। उसले भनी 'भयो पर्दैन फुपू हजुरको धेरै खर्च भएको छ यसपटक।' सोधें, 'किन उसले त्यसो भनी ?' साथीले भनी, 'खासमा आमाको उपचारमा केही सहयोग गरेकी थिएँ। भाउजूले नानीको पैसा निक्कै खर्च भयो भनिरहँदा ऊ त्यहिँ थिई।

कस्तो अचम्मसँगले उसको दिमागमा त्यो कुरा पसेको रहेछ।' फरक परिवेशका यी दुइटा उदाहरण सत्य हुन्। यसको अर्थ, हामीले बालबालिकालाई जति बुझेका छौं, उनीहरू त्यतिकै मात्रै छैनन्। तीन दशकअगाडि ममा पर्न गएको छाप र अहिले साथीकी दाजुकी छोरीमा पर्न गएको छाप एउटै हो। बुझाइ उही हो।

चिन्ता लाग्छ, अचेल जति चिन्तित अनि व्यस्त छौं हामी उति नै ईर्ष्यालु पनि छौं। ईर्ष्याले जन्माउँछ असन्तुष्टि अनि खोस्न पुग्छ खुसीलाई। अनि आफैंले हराएको खुसीलाई कहिलै भेट्न सक्तैनौं, जबसम्म ईर्ष्या र असन्तुष्टि त्याग्न सक्तैनौं। छोराछोरीले हामीबाटै सिकिरहेका हुन्छन्।

मान्छे मन परेन भने घरपरिवारमा ठूलोठूलो स्वरमा उसको कुरा काट्न थाल्छौं। छिमेकीले घरको तला थप्यो, त्यसमा पनि असन्तुष्ट अनि बोलिहाल्छौं। यी पनि दुःखकै कारण। कसैले आफूले मन परेको लुगा लगाइदियो आफूले किन्न सकिएन। यो अर्को दुःखको कारण। फलानोको प्रमोसन भयो मेरो भएन। फेरि दुःख। ससाना कुरामा दुःखी भएर बालबालिकाकै अगाडि निष्फिक्री कुरा गरिरहन्छौं। मानौं, उनीहरू केही बुझ्दैनन्। तर बालबालिकाले कसरी हामीलाई 'वाच' गरिरहेका हुन्छन्। नानीबाबुलाई भविष्यसम्मै खुसी र सुखी देख्न चाहन्छौं भने सकेसम्म सकारात्मक कुरा गरौं। हामी जति सकारात्मक हुन्छौं त्यति नै खुसी हुन्छौं र त्यति नै अरूलाई पनि खुसी दिन सक्छौं।

खुसीको पहिलो स्रोत हो, आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुनु। साथीभाइ छनोटमा ध्यान दिनुपर्छ। जस्तो पायो त्यस्तो साथीलाई छान्नु भनेको पनि खुसी खोसिनुजस्तै हो। कुनै भेलामा कोही असन्तुष्ट साथी छ भने त्यहाँको माहोल नै खराब भैदिन्छ।

खुसी हुन जम्मा भएकाहरू दुःखी हुँदै घर फर्कनेछन्। अनि रिसलाई त्याग्नु पनि खुसीलाई निम्ता दिनु हो। हामीमध्ये कतिको बानी हुन्छ, सानो कुरामा झनक्क रिसाउने। कमैले सोच्छौं कि त्यो हाम्रो रिसले वरपरका मानिसको पनि खुसी खोसिन्छ भनेर। सोचौं त हामीलाई कतिपटक अरूका कारणले यस्तो भएको छ ? हाँसो, रिस, माया, ईर्ष्या, खुसी, दुःख, पीर यी सबै कुरा प्रत्येक मानिससँग हुन्छन्। तर यिनलाई कहाँनेर र कसरी बाहिर ल्याउने ? कसरी परिचालन गर्ने ? सही ज्ञान नहुँदा खुसी खोसिएको हुन सक्छ।

**साभार अन्नपूर्णपोष्ट्**

## सुकुम्बासी...

समय र परिस्थिति अनुसार राज्य व्यवस्था र नीति तथा ऐनहरू फेरिए, तर गरिब र सुकुम्बासीहरूको अवस्था फेरिएन । तिनलाई हेर्ने र बुझ्ने हाम्रो सोच र कार्यशैली फेरिएन । के सुकुम्बासीहरूले सफा लुगा लगाउन नहुने हो ? राम्रो घरमा बस्न नहुने ? सुकुम्बासीका छोराछोरी राम्रो विद्यालय पढ्न नहुने हो ? उनीहरूले सवारीसाधन चढ्न नहुने हो ? उनीहरूप्रतिको टिप्पणी र अपमानजनक शब्द सुन्दा राज्यलाई अपमान बोध हुँदैन ? निश्चित वर्ग र समुदायले सुरक्षित बास बस्नु, मीठो खानु, राम्रो लाउनु र उनकै छोराछोरी राम्रो विद्यालयमा पढ्न पाउनु मात्र लोकतन्त्र हो र ? लोकतन्त्रमा गरिबलाई थिचिराख्नुपर्छ भन्ने मान्यता हुन्छ र ? लोकतन्त्रमा भुइँमान्छेले माथि उठ्न पाइँदैन भन्ने कल्पना गरिन्छ र ? लोकतन्त्रका हिमायती भन्नेहरूले यी विषयमा सोच्नुपर्दैन ?

भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, संरक्षण र व्यवस्थापन गर्ने पहिलो काम स्थानीय सरकारको हो । यस्तोमा काठमाडौं महानगरले यसरी बस्ती उठाउनु गैरकानुनी त हुँदै हो, बस्ती खाली गराउन किन हतारो गर्दै छ भन्नेमा पनि आशंका गर्ने ठाउँ दिएको छ ।

जबर्जस्ती उठीबासले निकास दिँदैन, उल्टै थप समस्या निम्तिन्छन् । त्यसैले अव्यवस्थित बसोबासी र भूमिहीनको व्यवस्थापन एवं पुनर्वासका लागि ठोस योजना बनाउनुपर्छ । त्यसका लागि समुदायसँग परामर्श गर्नुपर्छ, उनीहरूकै सहभागितामा योजना बनाउनुपर्छ । र समुदायसँग सहमति गरेर अगाडि बढ्न जरुरी छ । हरेक समस्याको समाधान सम्भव छ । हतार र आवेशभन्दा सुझबुझसहितको निर्णय र योजना आवश्यक छ ।

सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्नु राज्यको कर्तव्य हो । अहिले जो-जो जहाँ बसेका छन्, त्यही ठाउँमा जग्गा दिन पनि सकिन्छ । दिन नसकिने अवस्था आए मात्र अन्यत्र व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसका लागि सम्बन्धित समुदाय बसेर सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क तयार गर्नु र बसिरहेको जग्गा सुरक्षित वा असुरक्षित, दिन मिल्ने वा नमिल्ने के हो, पहिचान गर्नुपर्छ । सोही आधारमा पुनःस्थापना गर्नुपर्ने परिवार कति छन्, त्यहीँ व्यवस्थापन गर्नुपर्ने परिवार कति हुन् जस्ता पक्ष समेटेर विस्तृत विवरण तयार गर्नु जरुरी छ । काठमाडौं उपत्यकाकै वा बाहिरी जिल्लाबाट आइबसेकाका हकमा सम्बन्धित जिल्ला र स्थानीय तहहरूसँग समन्वय गरेर थप सूचना लिएर उनीहरूको अन्यत्र विकल्प भए-नभएको पनि हेर्नुपर्ने हुन्छ । त्यसपछि उनीहरूलाई व्यवस्थित रूपमा स्थानान्तरण गराउने वा हाल बसेकै ठाउँमा व्यवस्थापन गर्ने भन्ने निर्णय लिनुपर्ने हुन्छ ।

जबर्जस्ती उठीबासले समस्याको हल दिँदैन बरु समस्या बढाउँछ र भुइँ किनाराका नागरिकले दुःख मात्र पाउँछन् । अतः महानगरको डोजर आक्रमण समस्याको समाधान होइन । समाधानका लागि विस्तृत छलफल, संवाद र योजना चाहिन्छ, जसमा पीडित समुदायलाई सँगै हुनुपर्छ ।साभार : कान्तिपुर

## हामीजस्ता...

राजनीतिक मचानले नेकालाई बढी हानि पुऱ्याएको देखिन्छ । तर रास्वपाले सँधै भने एमालेको राजनीतिक कमाइ थुपारेको गोदाममा पनि बनाएको छ । त्यो कुरा 'हामीजस्ता मान्छेहरू' भन्न सकिने प्रभावशाली व्यक्तिहरूको उत्साहमा हेर्न सकिन्छ ।

तेजस्वी अग्रपंक्ति

भारतको राज्य-निर्देशित अर्थतन्त्रलाई 'वैश्वीकरण, निजीकरण एवं खुलापन' भनिने अर्थराजनीतिको विश्वव्यापी लहरसँग जोड्ने श्रेय सन् १९९१ देखि सन् १९९६ सम्म प्रधानमन्त्री रहेका पीबी नरसिम्हा रावलाई दिने गरिन्छ । त्यस दूरगामी निर्णयका उपोत्पादहरूमध्ये भारतमा धर्मगुरुहरूको व्यापकता, परजीवी पुँजीवादको विस्फोट, पत्रकारिताको विक्षिप्त व्यापारीकरण एवं हिन्दुत्व राजनीतिको सुस्त तर निश्चित प्रभाव विस्तारलाई पनि लिन सकिन्छ । त्यस्ता सबै प्रक्रियाहरूको सम्मिलित असरले गर्दा भारतीय महानगरहरूमा 'पिपल लाइक अस', छोटकरीमा 'पीएलयू', भनिने नव-सांस्कृतिक समूहको उदय भयो जसले बाँकी जति जम्मैलाई 'पिपल लाइक देम' अर्थात् 'पीएलटी' भनेर खिसी गर्न थाल्यो । सम्पतिसँग 'पीएलयू' चरित्र चित्रणको कुनै सम्बन्ध थिएन । दरियागन्जको पसलबाट करोडौं कमाउने किराना पसलेको गन्ती धनीमा हुन सक्दथ्यो, तर 'पीएलयू' कहलिन खान मार्केटमा सानो पुस्तक पसल वा वसन्त विहारतिर साँगुरो क्याफे कुना भए पुग्ने भयो । राजनीति निरपेक्ष पीएलयू प्रवर्गमा भारतीय जनता पार्टीका अरुण जेट्ली एवं मार्क्सवादी कम्युनिस्ट पार्टीका सीताराम येचुरी सँगसँगै गनिने गर्दथे । सलमान खानको फिल्मले करोडौं कमाए पनि 'पीएलयू' रणवीर कपूर मानिन्छन् । एउटा समानता भने यस पूरै प्रवर्गमा छ– सबैजसो पीएलयू अर्थतन्त्रको वैश्वीकरणबाट मनग्गे लाभ उठाएका छन् । राजनीतिमा बालेन शाह एवं रवि लामिछानेको चहकिलो प्रवेशबाट उत्साहित जमातलाई नेपालको 'पीएलयू' अर्थात् हामीजस्ता मान्छे (हाजमा) प्रवर्ग भनेर व्याख्या गरे फरक पर्दैन । ठ्याक्कै तुलना त कठिन हुन्छ, तर चरित्र र प्रवृत्तिका आधारमा मूल्यांकन गर्ने हो भने हाजमा प्रवर्गको 'परिवर्तन प्रेम' खासमा तिनको सन् १९९० तिरको परिकल्पित विगतप्रतिको अतीतमोहलाई दर्साउँछ जुन बेला चप्पल पड्काउँदै सहर प्रवेश गरेका राजनीतिकर्मीहरू आशामुखी भावले तिनको मध्यमवर्गीय अनुहारमा निहार्ने गर्दथे । तिनताकका याचकहरू अहिले लाभप्रदायक भइसकेका छन् । हाजमा प्रवर्गलाई त्यस्तो नव-सामान्य (न्यु नर्मल) 'हजम' भइरहेको छैन ।

पूर्वपञ्चहरूका विभिन्न मञ्च र मचानबाहेक सबैजसो पुराना राजनीतिक दलहरू कुनै न कुनै आन्दोलनबाट उदाएका हुन् । नेकाका राणा-शाहविरोधी संघर्षका कथाहरू बिर्सिंदै गइएको भए पनि विलोप भइसकेका छैनन् । एमाले पनि कुनै बेला झापातिरको नक्सलवादी हुने गर्दथ्यो र 'वर्गशत्रु उन्मूलन' अभियानमा थियो । रोल्पा र रुकुमबाट बन्दुक पड्काउँदै फैलिएका माओवादीहरू चुनावी मैदानबाट समेत सुस्तरी आफ्नो आधार क्षेत्रतिरै खुम्चिँदै गएका भए तापनि तिनको आन्दोलन गर्ने क्षमता समाप्त भइसकेको घोषणा गर्न हतारो हुनेछ । एउटा चुनाव हार्दैमा उपेन्द्र यादवले कुनै बेला नेका र माओवादीहरूको वर्चस्वलाई एकसाथ चुनौती दिएको इतिहास मेटिँदैन । महन्थ ठाकुरको त सारा जीवन नै संघर्ष, सुलह र पुनःसंघर्षको गाथा हो । आफ्नो सबभन्दा उत्पादक वय एवं सबै श्री-सम्पत्ति नेकालाई समर्पित गरेको व्यक्तिका लागि आफ्नै मातृदलसँग विद्रोह गर्ने अवस्थालाई सामान्य व्यक्तिले ठम्याउन सक्दैन । तिनको तुलनामा नागरिक उन्मुक्ति पार्टीका रञ्जिता श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछाने एवं जनमत पार्टीका सीके राउतलाई प्रारम्भिक पुँजीगत लागत, चालु खर्च, सम्भाव्य प्रतिफल दर, व्यवस्थापकीय चुनौती एवं कथम्कदाचित बाहिरिनुपरे सम्भाव्य निकास मूल्यको विश्लेषण गरेर चुनावी प्रतिस्पर्धामा सामेल भएको राजनीतिक उद्यमीका रूपमा चित्रण गर्न उपयुक्त हुनेछ । देखाउनैका लागि भए पनि सीके राउतले भ्रष्टाचारविरोधी एवं किसानपक्षीय प्रदर्शन पनि गरेका थिए, तर रवि लामिछाने त सोझै घन्टी बजाउँदै चुनावी मैदानमा उत्रिएका हुन् । उन्मादभन्दा तार्किकताले उत्प्रेरित राजनीतिक उद्यमीहरूको चामत्कारिक सफलताले नेपालका बौद्धिक, प्राज्ञिक, एवं गैसस कर्ममा लागेका तेजस्वी व्यक्तिहरू तथा नामदार पत्रकारहरूलाई उत्साहित तुल्याएको हुनुपर्दछ । बिग्रेको घडीले पनि दिनमा दुई पटक सही समय बताउँछ भनेझैं आफ्ना बिझाउने बक्रोक्तिहरूले गर्दा बदनाम सर्वेसर्वा शर्मा ओलीले अहिलेलाई भने राजनीतिलाई समर्पणको साटो फेसन वा उद्यमका रूपमा लिने जमातको महिमामण्डनका जोखिमहरू औंल्याएर गहिरो निराशाले गर्दा दलीय व्यवस्थासँग नै वितृष्णा फैलाउन उद्यत बुद्धिकर्मीहरूलाई तिनको प्रारम्भिक उत्साहलाई मत्थर गर्न मद्दत पुऱ्याएका छन् ।

पुराना दलहरूको जातीय एवं वर्गीय आधार लगभग स्पष्ट छ । नेकाको पुरानो स्वरूप सबै खाले प्रजातन्त्रवादी अटाउने चौतारी पार्टीको जस्तो भए पनि अहिले त्यो दल सांस्कृतिक तवरले केही राजावादी र केही हिन्दुत्ववादी, आर्थिक रुझानका हिसाबले छिटफुट पुँजीवादी एवं मनग्गै नवउदारवादी, जातीय संरचनामा पहाडे क्षत्रीहरूको प्रभुत्व तथा अन्तर्राष्ट्रिय सम्बन्धमा अमेरिकीहरूको वर्चस्व स्वीकार गरेको सन् २००३ तिरको 'शाही कांग्रेस' भनिने नेका (प्रजातान्त्रिक) संरचनामा फर्किसकेको छ । एमाले सन् १९९० देखि नै कुण्ठित निम्नमध्यमवर्ग (लम्पेन बुर्जुवा), पहाडे पुरोहित जातीय प्रवर्ग, सुख (सुब्बा-खरदार) कर्मचारी एवं साना व्यापारीहरूको मोर्चा रहँदै आएको थियो । सन् १९९० पछि त्यस जमातमा जग्गा दलाल, फाइनान्सका नाउँमा सुदखोरी गर्ने साहु एवं विभिन्न खाले गैसस उद्यमी थपिएका छन् । कुनै बेला माओवादीले शोषित-उत्पीडितको साझा मञ्च बन्न सक्ने सम्भावना बोकेको थियो, अब भने त्यो एमालेजस्तै तर सफल हुन नसकेका कुण्ठित निम्नमध्यमवर्गको जमातमा सीमित हुन पुगेको छ । उपेन्द्र यादवसँग महात्त्वाकांक्षी मधेशी पेसाकर्मीहरू हुने गर्दथे, अब त्यो यादव-बाहुल्य दल हुन पुगेको छ । महन्थ ठाकुर मधेशका ओरालो लागेका सम्भ्रान्तहरूका नेतामा सीमित हुन पुगेका छन् । तर, सानो वा ठूलो जेजस्तो भए पनि पुराना दलहरूसँग बृहद् र समावेशी ( अकामडैटिभ) संरचना छ । तुलनात्मक रूपमा रञ्जिता श्रेष्ठको नागरिक उन्मुक्ति पार्टी मूलतः रेशम चौधरीका लागि न्याय सुनिश्चित गर्न सुरु गरिएको राजनीतिक अग्रसरता हो । चुनावी प्रक्रियामार्फत आफ्नो विद्रोही विगतको सम्मानजनक अन्त्येष्टिका लागि सीके राउतले जनमत पार्टी गठन गरेको देखिन्छ । रवि लामिछानेको 'बाहुन-क्षत्री-तागाधारी नेवा' समूह जनमत एवं व्यक्तिवादी पुस्ताका महत्त्वाकांक्षी व्यक्तिहरूको मचानजस्तै लाग्दछ जहाँबाट आ-आफ्नै किसिमको कलाकारिता देखाएर प्रदर्शनकर्ताहरू हाजमाको हूललाई आकर्षित गर्न सफल भएका छन् ।

भ्रामक उत्साह

आजीवन प्रजातन्त्रवादी रहेका लोकराज बराल वा कृष्ण खनालजस्ता विद्वान्हरूलाई लाग्दो हो, भित्तेघडीको दोलकसरि घरी देब्रे र घरी दाहिने हल्लिरहने उपेन्द्र यादव वा महन्थ ठाकुरभन्दा बरु घोषित रूपमै विकासवादी विद्वान् सीके राउत नै बेस, कम्तीमा उनले नेकाको भोट त काट्दैनन् । राजनीतिमा नयाँ भएकाले राउतको परिवार एवं मित्रहरूको बाहुल्य रहेको दलसँग लेनदेन पनि अपेक्षाकृत सजिलो हुनेछ । बौद्धिकहरू आफ्नो उल्लास सहजै सार्वजनिक गर्दैनन्, तर प्रजातान्त्रिक पत्रकारहरूमा छचल्किरहेको जोस झन्डैझन्डै सर्वव्यापी छ । तिनको आकलनमा एमालेको गढ मानिने काठमाडौं र चितवनबाट घन्टीको आवाज देशभरि गुन्जिएको छ । समानुपातिकमा रास्वपाले मूलतः नेकाको भोट काटे के भो त ? उमेरको पाँच दशक नकाटी कहिल्यै नेकामा चुनावी टिकटसम्म नपाउनेहरू पार्टी एकीकरण भएमा तेर्सो प्रवेशमार्फत सोझै टिकट वितरण गर्ने तहमा पुग्न सक्नेछन् । नयाँ मुलुकका खस-आर्य मतदाता उहिल्यै नेकाको हातबाट फुत्किएर एमाले र माओवादी कित्तामा पुगिसकेका थिए । तिनलाई तह लगाउन रेशम चौधरी नै ठीक छन् । हाजमा जमात अतार्किक कुरा कहिल्यै गर्दैन । देशलाई तथाकथित वृद्ध, भ्रष्ट एवं कान्तिहीन नेतृत्वबाट मुक्त गर्न नेपालका सेवानिवृत्त सरकारी अधिकारी, विप्रेषणको भरमा बाँचिरहेका वयष्क दम्पती, घरभाडा उठाएर चारधाम गर्न पल्केका रैथाने व्यापारी, गैसस उद्यम वा परामर्श व्यवसायबाट मनग्गे कमाएका पेसाकर्मी एवं श्रम निर्यातले गर्दा चम्केका वित्तीय व्यवसायी जति जम्मैलाई भ्रष्टाचारविरोधी र युवा नेतृत्व चाहिएको छ ।

हाजमा जमात घनश्याम भुसाल हारेकामा प्रसन्न छ । स्वर्णिम वाग्लेले टिकट नपाएकाले गर्दा दुःखित छ । विश्व पौडेलको पराजयलाई पचाउन सकिरहेको छैन । सुदूरपश्चिमको चुनावी मैदानबाट माओवादी बाहिर धकेलिएकामा हर्षबढाइँ गर्न आतुर छ, तर त्यसै क्षेत्रमा सन् १९९० दशकदेखिको निर्बाध जितको इतिहास कायम गरेका नेका अध्यक्षभन्दा 'नाम कमाउन' प्रतिस्पर्धी बन्न गएका युवालाई बढी भाउ दिइरहेको छ । कम्तीमा समानुपातिकमा आफ्नो मत घन्टी वा सूर्य चिह्नलाई दिएका हुन सक्छन्, भावी प्रधानमन्त्री भने तिनैलाई गगन थापा चाहिएको छ । सबै नभने पनि अधिकांश हाजमा गन्यमान्यहरूको सम्पन्नताको मूलस्रोत तिनका पुर्खाको संरचनागत शोषणमा सहभागिता, आफ्नै विगतको अनैतिक कारोबार वा आफन्तहरूको भ्रष्टाचार हुन सक्दछ । भ्रष्टाचारबाट मुक्ति सबभन्दा पहिले तिनैलाई चाहिएको छ । भ्रष्टाचार बढाउनुपर्दछ भन्ने कुरा त यती-ओम्नी प्रवृत्तिका प्रवर्द्धक एवं समृद्धि राजनीतिका प्रणेता सर्वेसर्वा शर्मा ओली पनि गर्दैनन् । विकास नगरौं भन्ने धारणा कुन राजनीतिकर्मीको होला र ! राम्रो स्कुल र अस्पताल बन्नुपर्दछ भन्ने कार्यक्रममा भला कसले विमति जनाउला ? प्रजातान्त्रिक प्रक्रियाको अन्तर्निहित सीमितता नै के हो भने सबैलाई सन्तुष्ट पार्दै अगाडि बढ्ने प्रक्रियाको दिशा स्पष्ट भए पनि गति चामत्कारिक हुन सक्दैन । अधिनायकवादी व्यवस्थाको सामर्थ्य एवं कार्यकुशलताबाट आकर्षित हुने प्रजातन्त्रवादीहरू कालान्तरमा जनोत्तेजक, अल्पसंख्यक-द्वेषी एवं प्रियतावादी हुँदै अन्ततः निर्वाचित तानाशाहमा परिणत हुन बेर लाग्दैन । दक्षिणपन्थीहरूको विश्वव्यापी प्रसार मतपेटिकामार्फत क्रान्ति गर्ने हतारबाट उब्जिएका हुन् ।

ब्राजिलमा राष्ट्रपति लुलाको विजयबाट उत्साहित हुने अग्रगामीहरूले के बिर्सिदिन्छन् भने आफ्ना सबै असफलताहरूका बावजुद बोल्सेनारोले ४९ प्रतिशतभन्दा बढी मत पाएका छन् । हिंसक क्रान्तिबाहेक विश्व इतिहासमा व्यक्तिको सम्पत्तिको अधिकारमाथि सबभन्दा ठूलो हमला भारतको विमुद्रीकरण थियो, र कोभिड-१९ प्रकोपको व्यवस्थापन गर्ने सबभन्दा असफल कार्यकारी प्रमुखहरूमा प्रधानमन्त्री नरेन्द्र मोदी पनि पर्दछन् । तर उनी दोस्रो कार्यकालमा छन् । जनोत्तेजक प्रियतावाद, नग्न बहुसंख्यकवाद तथा हाजमा जमातको तर्कहीन उत्साह (इक्जुबरन्स) बारे सचेत गराएर सर्वेसर्वा शर्मा ओलीले पारम्परिक राजनीतिक दलहरूलाई सुध्रिने सन्देश पनि दिएका छन् । पुराना पुस्ताका लागि डोको तयार पारेर भीरतिरको बाटो सम्याइरहेका राजनीतिकर्मीहरूले आफ्नै भविष्य सुनिश्चित गर्न पनि पार्टी निर्माण, विस्तार, सुधार एवं सुदृढीकरणमा बढी ध्यान दिन समीचीन हुनेछ । राम्रो कुरा त सर्वेसर्वा शर्मा ओलीकै पनि सुनिनुपर्दछ ।सभार इकान्तिपुर

## महानगरपालिकामा .....

। तर उक्त निर्णय नीजी विधालयहरुले लागु नगरि ४५ प्रतिशत सम्म शुल्क बृद्धि गरि लिने अडान राखेपछि समितिले गत कार्तिक २ र १७ गते महानगरपालिकामा निवेदन दिएका थिए । तर आफुहरुले दुइ दुइ पटक निवेदन दिदा समेत कुनै सुनुवाइ नभएपछि शुक्रबार त्यस बारे ध्यानाकर्षण गराउन जादा गेटमै सुरक्षाकर्मीले रोकेर अभिभाावकहरु माथि ज्यादती गरेको समितिका अध्यक्ष साहको आरोप छ ।

अभिभावकहरु आफनो अडानबाट नहटेपछि इलाका प्रहरी कार्यालय वीर्ताका प्रहरी निरिक्षक विशाल मल्लको रोहबरमा भएको छलफलमा आगामी सोमबार महानगरका मेयर राजेशमान सिंहको सहभागीतामा वार्ता गरेर निकास खोजिने सहमति भएको साहले बताए ।

यता वीरगन्ज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारीमा समेत रहेका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले भने अभिभावकको नाममा तथााकथित संघर्ष समिति बनाएकाहरुले आएर गेटमा हुल हुज्जत गर्न थालेपछि सुरक्षाकर्मीले रोक्दा सामान्य तनाव भएको बताए ।

उनले भने ,' मेयर साब अहिले क्रियामा बस्नु भएको छ , हाकीम साब पनि विदामा हुनुहुन्छ , म निमित्त मात्रै हो , त्यसका कारण आधिकारीक कुरा गर्ने व्याक्ति कोहि पनि छैन , मेयसर साब आएपछि कुरा गर्न आउनु होला भन्दा उनिहरुले हुलहुज्जत गर्न खोजे , मेन गेटमा सामान्य क्षति पनि भएको छ ।

कर्णले अभिभावककै माग अनुसार महानगरले नीजी विधालयहरुको वर्गिकरण गरेर शुल्क निर्धारण गर्ने प्रकृया अन्तिम चरणमा पुगिसकेको तर चुनावका कारण त्यसले मुर्त रुपमा पाउन नसकेको बताए ।

आइतबार मेयर सिंह महानगरपालिकाको कार्यालयमा आउने त्यसपछि शिक्षा समितिको बैठक बसेर त्यसलाई टुङग्याइने उनले बताए ।नीजी विधालयहरुको बर्गिकरण र शुल्क निर्धारण गरिएपछि अभिभावकहरुको सबै गुनासो आफै सम्बोधन हुने पनि उनले बताए ।

## गठबन्धनको...

नसक्ने अवस्था सिर्जना भए एमालेको नेतृत्वमा अर्को समीकरण बन्ने सम्भावना छ । यही गठबन्धन कायम रहे पहिला प्रधानमन्त्री को हुने भन्ने देउवा र दाहालबीच सहमति हुन बाँकी छ । उनीहरूबीच सहमति हुन नसके कांग्रेस-एमाले वा एमाले-माओवादी र अन्य दलको समीकरण बन्न सक्छ ।

कांग्रेस, माओवादी, एकीकृत समाजवादी, लोसपा र जनमोर्चा यही गठबन्धनलाई निरन्तरता दिने पक्षमा छन् । प्रधानमन्त्री देउवा सीके राउत नेतृत्वको जनमत पार्टीलाई पनि गठबन्धनमा सहभागी गराउने प्रयासमा छन् । सत्ता गठबन्धनकै सहयोगमा रौतहटबाट जितेका प्रभु साह र किरण साहसँग पनि गठबन्धन नेताहरूले संवाद अघि बढाएका छन् ।

एमालेले पनि दलहरूसँग संवाद भने बढाएको छ । सरकार बनाउन सत्ता गठबन्धनको दौडलाई एमालेले टाढैबाट नजर मात्र लगाएको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले बताए । 'हालसम्मको निर्वाचन परिणाम हेर्दा सरकार बनाउन सत्ता गठबन्धनलाई एमालेभन्दा सहज देखिन्छ,' उनले कान्तिपुरसँग भने, 'गठबन्धनका नेता बहुमत पुऱ्याउन डिल्लीबजार कारागार पुग्नुभएको छ ।' उनले सत्ता गठबन्धनभित्र भागबन्डाको अन्तरसम्बन्ध कसरी अघि बढ्छ भन्ने अध्ययन गरिरहेको बताए । 'यतिबेला हामी दलहरूसँग छुट्टाछुट्टै सम्पर्कमा छौं,' उनले भने, 'यो प्रारम्भिक संवाद मात्र हो ।'

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच मंसिर ८ मा टेलिफोनबाट बधाई साटासाट भएको थियो । त्यसयता दुई नेताबीच थप कुराकानी अघि बढेको छैन । एमाले र माओवादीका दोस्रो तहका नेताहरूबीच अनौपचारिक कुराकानी भने निरन्तर छ ।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ४४, समानुपातिकतर्फ सबैभन्दा धेरै ( बिहीबार रातिसम्म २७ लाख ६९ हजार ५ सय २३) मत, प्रदेश १ मा २५ सिट र लुम्बिनी प्रदेशमा कांग्रेस बराबर १८ सिट ल्याएको एमाले सत्ता गठबन्धनमा गडबड भए सरकार निर्माणको नेतृत्व लिन तयार रहेको उपमहासचिव ज्ञवालीले बताए । 'चौतर्फी घेराबन्दी गर्दा पनि एमाले समानुपातिक मतका आधारमा पहिलो पार्टी भयो, यसका आधारमा परिआए एमाले मुलुकको नेतृत्व लिन तयार हुन्छ,' उनले भने, 'तर एमाले मुद्दामा सम्झौता गरेर जसरी पनि सरकारमा जाँदैन ।'

कांग्रेस र माओवादीबीच खटपट भए कांग्रेस र एमालेबीच सहकार्यमा सरकार निर्माणको चर्चा पनि छ । तर, नेता ज्ञवालीले त्यो सम्भव नदेखेको बताए । 'दश थरी पार्टी मिलेर सरकार बनाउनुभन्दा कांग्रेस-एमाले मिलेर सरकार बनाउँदा के होला भन्ने प्रश्न पनि छ,' उनले भने, 'तर म व्यावहारिक रूपमा सम्भव देख्दिनँ ।'

कांग्रेसको नेतृत्वमा रहेको सत्ता गठबन्धनलाई कमजोर हुन नदिन देउवा र दाहाल निरन्तर प्रयासमा छन् । यी दुई नेता गठबन्धनलाई बहुमत जुटाउन कसरत गरिरहेका छन् । त्यही कसरतस्वरूप उनीहरू प्रत्यक्षतर्फ ४ (एक स्वतन्त्र) सिट जितेको नागरिक उन्मुक्ति पार्टीलाई फकाउनेदेखि सीके राउतलाई गठबन्धनमा ल्याउनेसम्मका प्रयासमा छन् । नागरिक उन्मुक्तिले भने पार्टीका संस्थापक अध्यक्ष रेशम चौधरीलाई रिहा गर्ने प्रक्रिया अघि बढाउन गठबन्धन तयार नभएसम्म सरकारमा सहभागी नहुने बताइसकेको छ ।

एमालेले राजनीतिक स्थायित्वको मुद्दा अघि सारेको छ । खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत र नागरिक उन्मुक्ति पार्टीको उदय भएसँगै स्थीर सरकार बन्ने सम्भावना कमजोर बनेको छ । 'राजनीतिक स्थायित्वका लागि यो जोखिमपूर्ण जनादेश हो,' एमाले प्रचार विभाग प्रमुख एवं उपमहासचिव पृथ्वीसुब्बा गुरुङले भने, 'राजनीतिक स्थायित्वका लागि एमालेले पहल गर्छ ।' उनले यो निर्वाचनपछि सरकार निर्माणका लागि

बाँकी तेश्रो पृष्ठमा

# विर्ता प्रहरीद्वारा २ जना मोटरसाइकल चोर पक्राउ



वीरगञ्ज, १६ मंसिर । वडा प्रहरी कार्यालय विर्ताले २ जना मोटरसाइकल चोरलाई पक्राउ गरेको छ ।

वीरगञ्जका विभिन्न स्थानबाट मोटरसाइकल चोरी गरी भारतको रक्सौलमा लिएर बेच्दै आएको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीले २ जनालाई पक्राउ गरेको हो ।

वीरगञ्जको विर्ता र घण्टाघरबाट चोरी भएको मोटरसाइकल र मोटरसाइकल चोरी गर्न प्रयोग गर्न मास्टर कि सँगै उनीहरुलाई पक्राउ गरिएको वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक बिशाल मल्लले जानकारी दिए ।

प्रहरी निरीक्षक मल्लका अनुसार पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर ४ भगवती टोल निवासी २३ वर्षीय विजय कुमार गिरी र वीरगञ्ज महानगरपालिका वडा नम्बर २४ रामगढवा निवासी २० वर्षीय कुन्दन साह तेली रहेका छन् ।

उनीहरुको साथबाट ना ३९ प ५४०८ र ना ४६ प ५२८७ नम्बरका चोरी भएका मोटरसाइकल समेत बरामद गरिएको प्रहरी निरीक्षक मल्लले बताए । ति दुवै जनाविरुद्ध चोरी सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नेपाली नोट छाप्न भारतीय कम्पनीलाई ठेक्का




काठमाडौं । नेपाल राष्ट्र बैंकले एक हजार दरका ४३ करोड थान बैंक नोट छाप्ने जिम्मा भारतीय सरकारी कम्पनीलाई दिएको छ।

भारत सरकारको स्वामित्व रहेको भारत प्रतिभूति मुद्रण तथा मुद्रा निर्माण निगम लिमिटेड ९सेक्युरिटी प्रिन्टिङ एन्ड मिन्टिङ कर्पोरेसन अफ इन्डिया लिमिटेड० लाई नोट छपाइका लागि ठेक्का दिन लागिएको हो।

राष्ट्र बैंकले बुधवार उक्त ठेक्का सम्झौता गर्नेसम्बन्धी आशयपत्र जारी गरेको छ ।एक हजार दरका ४३ करोड थान नोटको डिजाइन, छपाइ र ढुवानीको काम भारतीय कम्पनीले नै गर्नेछ । यसका लागि उसले एक करोड ११ लाख ३४ हजार पाँच सय छ अमेरिकी डलर ९बुधवारको विदेशी विनिमय दरअनुसार रु। एक अर्व ४५ करोड ८६ लाख २० हजार० बराबर कबोलेको थियो ।

नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभागले गत सेप्टेम्बरमा अन्तर्राष्ट्रिय बोलकबोल प्रतिस्पर्धाबाट कम्पनी छनोटका लागि ठेक्का प्रस्ताव आह्वान गरेको थियो। त्यसमा ब्राजिल, चीन र फ्रान्सका कम्पनीले पनि प्रस्ताव हालेका थिए तर आर्थिक र प्राविधिक रूपमा उपयुक्त रहेको भन्दै भारतीय कम्पनी छनोटमा परेको हो ।

# गठबन्धनको.......

हुने खिचातानीले अस्थिरतातर्फ लग्ने आशंका गरे । 'विगतका हाम्रा कमजोरीमाथि विभिन्न शक्तिहरूले खेलेका छन्, धमिलो पानीमा माछा मार्ने प्रयास हुँदै छ,' उनले भने, 'प्राप्त उपलब्धिको रक्षाका लागि दलहरू अघि बढ्नुपर्छ ।' गुरुङले वामपन्थी दलहरूबीच सहकार्य हुनुपर्ने धारणा राख्दै आएका छन् ।

धेरै दल मिलेर सरकार बनाउनुपर्ने अवस्थामा अविश्वास बढ्ने र त्यो दलहरूका लागि जोखिम हुने तर्क अर्का उपमहासचिव ज्ञवालीको छ । 'पाँच वर्ष संसद् कसरी टिकाउन सकिन्छ, दलहरूले सोच्ने बेला भएको छ,' उनले भने, 'राजनीतिक स्थायित्व कसरी कायम हुन्छ, गम्भीर हुन आवश्यक छ ।'

एमाले, माओवादी र अन्य दलबीचको सहकार्यमा सरकार निर्माण गर्ने अन्तिम र कठिन सम्भावना पनि छ । समानुपातिकमा माओवादीको मत ०७४ भन्दा खासै नघटे पनि अपेक्षित रूपमा प्रत्यक्षमा जित्न सकेको छैन । उसले बिहीबारसम्म प्रत्यक्षतर्फ १७ सिट जितेको छ ।

एमाले उपाध्यक्ष विष्णु पौडेल, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र माओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङलगायतका नेताहरू वाम गठबन्धन हुनुपर्ने पक्षमा छन् । तर, एमाले अध्यक्ष ओली र माओवादी अध्यक्ष दाहालको यसमा खासै रुचि देखिएको छैन । एमाले र माओवादी नेताहरूका अनुसार ओली र दाहालको स्वार्थ नमिल्दासम्म मिल्ने सम्भावना छैन ।

२०७७ फागुन २३ मा सर्वोच्चले एमाले र माओवादी ब्युँताउने फैसला गरेपछि अलग भएका यी दुई नेता एकले अर्कालाई कमजोर बनाउने रणनीतिमै छन् । 'केपीजी र प्रचण्डबीच सत्ता स्वार्थ नमिल्दासम्म गठबन्धन हुने सम्भावना देखिँदैन,' माओवादीका एक नेताले भने । माओवादी महासचिव देव गुरुङले वामपन्थी सहकार्यबारे कुनै कुराकानी नभएको बताए । एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजालले चुनावअघि कांग्रेससित गठबन्धन गरेको माओवादीसँग तत्काल सहकार्यको सम्भावना नभएको बताए । 'चुनावअघि माओवादी र एकीकृत समाजवादी गुन्टा कसेर कांग्रेससँग मिले, अहिले एमालेसँग कसरी सहकार्य हुन्छ र ?' उनको प्रश्न छ ।

# इतिहास सम्झिँदै राजापुर

कमल पन्थी

बर्दिया – करिब चार दशकअघिको हिउँद । राजापुर मण्डी (बजार) मा बिहानी प्रहर सुरु नहुँदै राति २ बजेदेखि चहलपहल सुरु हुन्थ्यो । हल्लाखल्ला र मोलतोलले बजार गुल्जार देखिन्थ्यो । धान बेच्न आएका किसानको लस्कर र खरिद गर्न आएका व्यापारीले ल्याएका सयौं लडिया (बयलगाडा) ले राजापुर जीवन्त देखिन्थ्यो ।

बर्दियाको सबैभन्दा पुरानो राजापुर बजार । र, धान खरिद-बिक्री गर्दिै । तस्बिर : कान्तिपुर

यी दिनहरूमा राजापुरको धान बजारमा बयलगाडा राख्ने ठाउँसमेत भेटिन मुस्किल पर्थ्यो । पहाडबाट सुन्तला, स्याउ, घिउ, गलैंचादेखि सिलाजित, हिंग, टिमुरलगायतका जडीबुटी राजापुर ल्याउने र यहाँबाट नुन, तेल, चामल, गहुँको पिठोलगायत कपडा खरिद गरी लैजाने परम्परा अब राजापुरका निम्ति कथा भइसक्यो । कर्णाली र सुदूरपश्चिमका पहाडी जिल्लाबाट डोकोभरि सामान ल्याउने व्यापारीका लागि अब राजापुर बिरानो भइसक्यो ।

चारैतिर कर्णाली र यसको भँगालो मानिने गेरुवा नदीले घेरिएको राजापुर एउटा टापुजस्तो थियो । सडक सञ्जालले नजोडिएका कारण विकट मानिए पनि धान र गहुँको उर्वर भूमि भएकाले राजापुरको बेग्लै सान थियो । पश्चिम नेपालका किसानको धान खरिदबिक्री गर्ने बजार भएकाले मात्रै होइन, २०२० सालमै भन्सार खोलिएकाले राजापुर गुल्जार थियो । अहिले राजापुरसँग पुरानो चमकधमक छैन तर यसको इतिहास सुनाउने भने विगत सम्झिएर रोमाञ्चित बन्छन् ।

सडक सञ्जालसँग जोडिएकाले हिजोआज राजापुर पुग्न गाह्रो छैन । एक समय यहाँ गाडी भनेकै एकाध जमिनदारका ट्र्याक्टर थिए । लडियाको लस्कर र त्यसको आवाजले राजापुर गुन्जिराख्थ्यो । राजापुरबाट करिब ५ देखि २० किमि दूरीका गाउँबाट किसान धान बेच्न राति नै राजापुर आइपुग्थे । 'पाताभार, गोला, नयाँगाउँ, दौतलपुर, बदालपुर, मनाउ, खैरीचन्दनपुर, भिम्मापुर, पशुपतिनगर र मानपुरटपरा गाविसबाट आएका लडियाले पुरै राजापुर भरिएजस्तो देखिन्थ्यो,' राजापुर-४ का ७० वर्षीय परशुराम थारू भन्छन्, 'अहिले त त्यो सबै कथा भइसक्यो ।' स्थानीय व्यवसायी काशीराम शर्माले २०३० सम्म राजापुर बजार गोलाहाट मण्डीका रूपमा चर्चित भएको इतिहास सुनाउँछन् । 'अहिले त्यो ठाउँ बगरमा परिणत भएको छ,' उनले भने ।

चार दशकअघिसम्म जुम्ला, हुम्ला, जाजरकोटलगायत पश्चिम उत्तरबाट यहाँ आउने व्यवसायीलाई हटारु भन्ने चलन थियो । 'राजापुरमा पहाडबाट आएका व्यवसायीका लागि गाउँ पञ्चायतले धर्मशालाको व्यवस्था गरेको थियो,' राष्ट्रिय वाणिज्य बैंकका पूर्वप्रबन्धक लक्ष्मी गौतम भन्छन्, 'यहाँ केही चिया र मिठाईका होटल थिए । खाना खाने होटल नहुँदा खरिदबिक्री गर्न आउने कर्णाली र सुदूरपश्चिमका व्यवसायी खाना पकाएर खान्थे ।' राजापुरको रौनक एकैचोटि घटेको भने होइन । २०४३ सालमा पूर्वपश्चिम राजमार्ग सञ्चालनमा आएपछि व्यापारका नयाँ केन्द्र राजमार्ग छेउछाउ खुल्न थाले । राजमार्ग र पहाडी सडकमार्ग बनेसँगै चिसापानी, टीकापुर, कटाक्षे, भजनी, लम्की, सुर्खेतलगायतका ठाउँमा बजार विस्तार भएपछि राजापुरको व्यापारिक कारोबार घटेको बर्दिया उद्योग वाणिज्य संघ राजापुरका अध्यक्ष केदार थापाले बताए । जुम्ला, हुम्ला, जाजरकोट, दैलेख, कालीकोट, दिपायल र अछामबाट आउने व्यवसायी पायक सहरमा जान थालेपछि राजापुर सुस्ताउन थालेको उनको भनाइ छ ।

राजमार्ग बन्नु अघिसम्म यहाँ उत्पादित धान र गहुँ नेपालकै अन्य ठाउँ पठाउँदा पनि भारतको भर पर्नुपर्थ्यो । यहाँको खाद्यान्न उत्तरप्रदेश राज्यको बहराइच जिल्लास्थित कतरनियाघाटमा कस्टम (भन्सार) कार्यालय भएर पठाउने गरिएको राजापुर-४ का पूर्ववडाध्यक्ष रमण रेग्मीले बताए । हाल राजापुरमा पर्ने साविक ११ गाविस र छिमेकी गेरुवा गाउँपालिका धान र गहुँका लागि उर्वरभूमि मानिन्थे । एक दशकअघिसम्म यी स्थानीय तहबाट मात्रै झन्डै ३ अर्ब मूल्यको धानको कारोबार हुने गरेको रेग्मी सुनाउँछन् । बजार विस्तारका क्रममा राजापुरबाहेक शान्तिबजार, मनाउ, खैरीचन्दनपुर, गोलालगायतमा धान खरिदबिक्री गर्ने व्यवसायी भर्दिै गएपछि यहाँ किसान आउने क्रम २०६५ पछि घट्दै गएको छ ।

चार दशकअघि राजापुरले कतरनियाघाट र राजापुर मूल भन्सार भएर भारतदेखि बंगलादेशसम्म धान निर्यात गर्थ्यो । अन्य भूभागसँग सडक सम्पर्कमा नजोडिएका कारण कतरनियाघाट सुक्खा बन्दरगाहजस्तो थियो । कतरनियाघाटबाट करिब ३ किमि दूरीमा रहेको बिछियामा रेल्वे स्टेसनबाट मालवाहक डिब्बामा राखेर धान निर्यात गरिन्थ्यो । राजापुर-१० का ७२ वर्षीय मंगल थारू राजपुरले निर्यात गर्ने धान र गहुँकै कारण कतरनियाघाट नजिकै रहेको बिछिया बजार फस्टाएको सम्झिन्छन् । ०७५ सालमा कतरनियाघाटको भन्सार करिब ४० किमि पूर्व मिहीपुरुवा बजारमा सर्‍यो । त्यसपछि त राजापुरको बिछिया बजारसँगको साइनो पनि हरायो ।

खाद्य व्यवस्था व्यापार केन्द्र राजापुरका प्रमुख धर्मराज पन्थले राजापुर बजारमा हरेक वर्ष झन्डै ५० देखि ६० करोड मूल्यको धान खरिद हुने गरेको बताए । अनाजको भण्डार भएकैले २०४५ सालमा जापान सरकारको सहयोगमा र पञ्चायतकालका अर्थ सहायक मन्त्री दमनध्वज चन्दको पहलमा यहाँ आधुनिक धानचामल कारखाना स्थापना भएको थियो । करिब १५ करोड लागतको स्थापना गरिएको उक्त कारखाना माओवादी सशस्त्र द्वन्द्वका बेला ०५९ चैत २९ गते बम विस्फोटपछि बन्द भयो । २०६४ सालमा खाद्य व्यवस्था व्यापार केन्द्र, राजापुरले कारखाना मर्मत गरेर सञ्चालनमा ल्यायो । संस्थाले किसानको धान खरिद बिक्री गर्ने काम थाल्यो । तर यसले राजापुरको गुमेको रौनक फिर्ता ल्याउन सकेन ।

कर्णाली र गेरुवा नदीले घेरिएको राजापुर २०७२ सम्म दुर्गम भेगजस्तो थियो । यहाँबाट नेपालकै अन्य भाग जान भारतको कतरनियाघाट नपुगी धरै थिएन । कतरनियाघाटबाट नेपाली सीमाको भिम्मापुरसम्म घना जंगल छिचोल्नु सजिलो कुरा थिएन । राजापुर-१० का ७० वर्षीय दिगम्बर थारू उतिबेला जंगल छिचोलेर कतरनियाघाट पुग्ने नेपालीहरू डाँकाको लुटपाटमा पर्ने गरेको कथा सुनाउँछन् ।

राजापुर हुँदै गुलरिया, नेपालगन्ज, काठमाडौंलगायत ठाउँ पुग्न एक मात्र विकल्प भारतको बाटो थियो । कर्णाली नदीमा पुलसमेत नहुँदा भारतीय बाटोको प्रयोग गर्नैपर्ने अवस्था थियो । २०५१ सालमा राजापुर जोड्ने कर्णाली नदीको भँगालो गेरुवा नदीको कोठियाघाटमा स्टिमरसँगै पन्टुन ब्रिज सञ्चालन भयो ।

२०७३ सालमा यहाँ पुल निर्माण भएपछि नेपाल जान भारतको बाटो भर पर्नुपर्ने बाध्यता राजापुरवासीका निम्ति हट्यो ।

एक समय राजापुरमा मूल भन्सार कार्यालय थियो । कर कार्यालयदेखि राष्ट्र बैंकको सटही काउन्टरसम्म र नेपाल बैंक लिमिटेडदेखि धान मिलसम्म सबै यहीँ थिए । निर्यात घट्दै गएपछि मूल भम्सार र भारु सटही काउन्टर बन्द छ । राजापुर-४ का पूर्व वडाध्यक्ष रमण रेग्मी मूल भन्सार भएकै कारण भारतलगायत तेस्रो मुलुकसँग यहाँबाट आयात-निर्यात हुने गरेको इतिहास सुनाउँछन् । 'पुल र सडक सञ्जाल बनेपछि मूल भन्सार विस्तारै राजस्व शून्य बन्दै गयो,' उनले भने ।

राजापुरबाट करिब ७ किमि पश्चिम-दक्षिण सीमावर्ती कैलालीको खग्रौलाघाटको मूल भन्सारबाट सामान आयात-निर्यात हुन थालेपछि त्यसो सोझो असर राजापुरमा पर्‍यो । करिब सात वर्षअघि कर्णालीको सत्तीघाटमा पुल बनेपछि यहाँका व्यवसायी खग्रौला र भारतको तिकोनियाको भन्सार प्रयोग गर्छन् । अधिकृतसहित २५ जनाको दरबन्दी रहेको मूल भन्सार कार्यालय अहिले एक जना सहयोगीको भरमा चलिरहेको छ । यहाँबाट हुने काम केही वर्षयता गुलरियास्थित छोटी भन्सार कार्यालयले गर्दै आएको छ । छोटी भन्सारका नायब सुब्बा रवीन्द्र विकले ६ वर्षअघिसम्म वार्षिक ४ देखि ५ करोड राजस्व असुल्ने भन्सारमा अहिले राजस्व संकलन घटेको बताए ।राजापुर-९ का किसान भागिराम थारू धान खरिदबिक्रीका लागि किसान र व्यवसायीबीच तँछाडमछाड हुने गरेको सम्झन्छन् । 'उहिले राजापुरमा समृद्धि थियो, अहिले उपेक्षित छ । जनप्रतिनिधिले यो ठाउँको महत्त्व बुझेनन्,' उनले भने । यहाँ किरानादेखि लत्ताकपडाका कतिपय पसल भारतीय व्यवसायीले चलाएका थिए । 'त्यसबेला पुरानो कर्णाली बस्त्रालय, सरला राइस मिल, हीरालाल गुप्ताको पसल चर्चित थिए,' ६७ वर्षीय गोपालध्वज जिसी भन्छन्, 'व्यवसायमा मन्दी आएपछि धेरैजसो पुराना व्यवसायी पलायन भए, द्वन्द्व सुरु भएपछि बेचेखुचेका पनि हिँडे ।' उनका अनुसार राजापुरबाट २०२१ सालअघि वार्षिक करिब २ लाख ५० हजार क्विन्टल धान भारतलगायत मुलुकमा निर्यात हुन्थ्यो । कतरनियाघाटको भन्सार बन्द भएपछि यहाँको बजार प्रभावित भएको नगरप्रमुख दिपेश थारू बताउँछन् ।राजापुरमा सयौं बिघा हुने जमिनदार धेरै थिए । निम्न आय भएका र थोरै जग्गा भएका किसान महाजनी (व्यापारी) प्रथामा निर्भर थिए । उनीहरू बैंकबाट ऋण नपाएपछि गल्ला व्यापारीको भर पर्थे । ७५ वर्षीय पूर्व कमैया लौटन थारूले ३५ वर्षअघिसम्म जमिनदारको आदेश कानुनजस्तै हुने गरेको बताउँछन् ।

सामाजिक राजनीतिक परिवर्तनसँगै अहिले यो व्यवस्था फेरियो । 'वित्तीय संस्था खुल्न थालेपछि किसानले सहजै ऋण पाउन थाले, महाजनी प्रथा रोकियो,' किसान पटवारी थारुले भने । जिल्ला प्रशासन कार्यालय, बर्दियाका प्रशासन फाँट प्रमुख गंगा अधिकारीका अनुसार सशस्त्र द्वन्दका बेला राजापुर टप्पुको साविक ११ गाविसमा जमिनदारका २ हजार बिघा खेत माओवादीले कब्जा गरेको थियो । राजापुर नगरपालिकाबाट मात्रै २४ जना जमिनदार विस्थापित भएका थिए । स्थानीय प्रशासनसँग द्वन्द्वकालमा खैरीचन्दनपुर १३, नयाँगाउँबाट १२, दौलतपुरबाट १६, बदालपुरबाट २९, भिम्मापुरबाट १४, मानपुर टपराबाट २७, गोलाबाट २४, पाताभारबाट २९, पशुपतिनगरबाट २३ र मनाउबाट ५५ जना जमिनदार विस्थापित भएको तथ्यांक छ ।

सडक सञ्जालसँग जोडिएपछि राजापुरका विकास हुँदै नभएको भने होइन । सात वर्षअघि गेरुवा नदीको कोठियाघाटमा १ हजार १५ मिटरको पुल बन्यो । तीन वर्षअघि हुलाकी सडक कालोपत्र भयो । राजापुर र कैलाली जोड्ने कर्णालीको सत्तीघाटमा पुल निर्माण भयो ।

मालपोत, नापी, इलाका प्रशासन कार्यालयसम्म स्थापना भइसकेका छन् । कानुन व्यवसायी महादेव रटगैया पुरानो व्यवसायिक केन्द्रमा उद्योग, कलकारखाना स्थापना नहुनु, पहाडी जिल्लाबाट व्यवसायी आउन छाड्नुले पुरानो बजार सुनसान भएको बताउँछन् ।द्वन्द्वकालमा विस्थापित ठूला व्यापारी फर्केर नआएको र नयाँ व्यापारी नथपिएका कारण राजापुरले पुरानो लय समात्न नसकेको अमर सहिद दशरथ चन्द बहुमुखी क्याम्पसका प्राचार्य अनिल चौधरीले बताए । व्यापारमा ठूलो लगानी गर्ने मातादिन अग्रवाल, मंगल गुप्ता, अशोककुमार अग्रवाललगायत पलायन हुनुको घाटा अहिले राजापुरले भोगिरहेको उनको बुझाइ छ ।चार दशकअघि र अहिलेको राजापुरमा निकै परिवर्तन आएको छ । सडक सञ्जाल जोडिएपछि यहाँबाट गुलरिया, नेपालगन्ज, धनगढी, महेन्द्रनगर, काठमाडौं लगायतका सहरमा सवारी साधन नियमित गुड्ने गरेका छन् । सदरमुकाम गुलरियाबाट पश्चिम ४० किमि दूरीमा रहेको राजापुर हुलाकी पक्की सडकसँग जोडिएको छ । विकासका पूर्वाधार पुगे पनि ठूला उद्योग, कलखाना निर्माण नहुँदा फड्को मार्न नसकेको उद्योग वाणिज्य संघका अध्यक्ष केदार थापा बताउँछन् । 'पुरानै माहोल फर्काउन व्यवसायीले ठूलो लगानी गर्न जरुरी छ,' उनले भने, 'कर्णाली र सुदूरपश्चिका पहाडी जिल्लामा भगिनी सम्बन्ध कायम गरी त्यहाँका व्यापारीलाई ल्याउन सके अवस्था बदलिन्छ ।'

जग्गाधनी पुर्जाको समस्याराजापुरका विष्णु रिजाल करिब ५० वर्षदेखि व्यवसाय गर्दै आएका छन् । उनले राजापुर पालिकालाई जग्गा र व्यवसाय कर तिरेको वर्षौं भयो । तर अहिलेसम्म जग्गाधनी पुर्जा पाएका छैनन । उनकै जस्तो समस्या छ, चन्द्रेश्वर सुवेदीको पनि । जग्गाधनी पुर्जाको आश गर्दा गर्दै उनले ५० वर्ष काटिसके तर समस्या सल्टिएको छैन । ७८ वर्षदेखि बसोबास गर्दै आएका राजापुरका उनीजस्तै करिब ३ सयभन्दा बढी परिवारले जग्गाधनी पुर्जा पाएका छैनन् । यहींका मोहम्मद असीम खाकक्ले चुनावको मुखमा लालपुर्जाको आश्वासन दिने र चुनावपछि नेता हराउने गरेको गुनासो सुनाए । २००१ देखि वडा नम्बर ४ स्थित बजारमा बस्दै आएका अधिकांश जग्गाधनी पुर्जा नपाउँदा सरकारी सेवा सुविधाबाट बञ्चित छन् ।

राणा र पञ्चायतकालमा बडाहाकिमले दिएका प्रमाणका आधारमा घर, व्यापारिक प्रतिष्ठान, सरकारी कार्यालयले भवन बनाउँदै बस्दै आएका थिए । ती कार्यालयमा बडाहाकिम र ऐलानी प्रति जग्गामा भवन बनाएर बसेको थिए ।

२०१५ देखि ०२२ सालसम्म बडाहाकिमले बसोबास गरेको प्रमाणपत्र दिएको स्थानीय व्यवसायी विष्णु रिजाल बताउँछन् । त्यही प्रमाणका आधारमा करिब तीन वर्षअघि जग्गा दर्ता प्रक्रिया सुरु गरिएको हो । ७६ वर्षअघिदेखि बसोबास गर्दै आएका राजापुर बजारका बासिन्दा यसै आर्थिक वर्षमा घरजग्गाको मालिक बन्ने मेयर दिपेश थारू बताउँछन् ।

अमर सहिद दशरथ चन्द बहुमुखी क्याम्पसका प्राचार्य अनिल चौधरी यहाँका पुराना जमिनदारमध्येका एक राजाराम कुर्मीबाट यो ठाउँको नाम रहेको बताउँछन् । २०२१ सालसम्म उनीसँग धेरै जग्गा भएकाले राजारामलाई 'राजाबाबु' भनेर बोलाइन्थ्यो । २००२ सालमा अहिलेको राजापुर बजार गोलाहाटमा थियो ।

६७ वर्षीय हर्कबहादुर शाहले कर्णाली नदी कटानपछि दौलतपुरमा गोलाहाट बजार लाग्ने गरेको बताए । 'बाढी र कटानले २००६ सालमा त्यहाँबाट हाटबजार सरेर अनन्तपुर हुँदै राजापुरमा सरेको हो,' उनले भने 'त्यसबेला भारतको बहराइच र लखिमपुरबाट आएका व्यवसायीले बजार सञ्चालन गरेका थिए । राजापुर अहिर, कुर्मी समुदायको बस्ती थियो ।'साभार इकान्तिपुर